प्रतिदिन
१६ औं
वार्षिकोत्सव

राष्ट्रिय दैनिक
प्रतिदिन
PRATIDIN NATIONAL DAILY

मानवअधिकारको सम्मान गरौं

- मानवअधिकार प्रकृतिप्रदत्त, जन्मसिद्ध र नैसर्गिक अधिकार हो,
- मानवअधिकार व्यक्तिको जीवन, स्वतन्त्रता, मर्यादा र समानतासँग सम्बन्धित छ.
- मानवअधिकार देशको संविधान, कानून र अन्तराष्ट्रिय सन्धिद्वारा प्रदत्त अधिकार हुन्,
- मानवअधिकार उल्लंघन नगरौं, सबैको मानवअधिकारको सम्मान गरौ, मानवअधिकारको उल्लंघन भए गरेको पाइएमा राष्ट्रिय मानवअधिकार आयोगमा उजुरी गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

वर्ष-१६ ।। अङ्क : २८३ ॥ २०८१ मंसिर १९ गते बुधबार (4th Dec 2024 Wednesday)
Pratidin National Daily
मूल्य-रु.५/-

कचनकवलमा दश महिनाभन्दा बढी टिक्दैनन् प्रमुख प्रशासकीय अधिकृत

भद्रपुर(प्रस) । सामान्यतया दुई वर्षसम्म कर्मचारीको सरूवा नगर्ने सरकारी नीति रहेपनि दक्षिणी झापाको कचनकवल गाउँपालिकामा प्रमुख प्रशासकीय अधिकृत सरदर दश महिना मात्र टिक्ने गरेको पाइएको छ ।

कर्मचारीतन्त्रलाई राजनीतिले प्रभावित पार्ने प्रयास हुँदा कचनकवलमा प्रमुख प्रशासकीय अधिकृत सरदर दश महिनाभन्दा बढी टिक्न नसकेका हुन् ।

पहिलो स्थानीय तहको निर्वाचनपछि त्यहाँ आएका कुनै पनि प्रमुख प्रशासकीय अधिकृत पूर्ण अवधि बस्ने वातावरण बनेको देखिएन । पहिलो कालखण्डमा राप्रपाको एकछत्र राज रहेको कचनकवलमा राजनीतिक हस्तक्षेपको सुरूवात पनि त्यहिबेलाबाट भएको हो । पछिल्लो कार्यकालमा काँग्रेसको दुईतिहाइ रहेको कचनकवलमा प्रमुख प्रशासकीय अधिकृत आउन नचाहने र आएका पनि न्यूनतम अवधिसम्म नटिक्ने अवस्थाले प्रशासनिक काममा उल्झन आउने गरेको छ ।

पछिल्लो पटक प्रमुख प्रशासकीय अधिकृतले कचनकवल गाउँपालिका छोडेर गएको डेढ महिना बितिसकेको छ । त्यहाँ नयाँ प्रमुख प्रशासकीय अधिकृत को आउने अन्यौल रहँदा प्रशासनिक कामकाजमा समस्या भइरहेको स्थानीयको भनाइ छ । विकास निर्माणका कामदेखि प्रशासनिक कामसम्मको प्रमुख जिम्मेवार पद खाली रहँदा स्थानीयले समस्याको अनुभूति गरिरहेका छन् ।

नेपाली कांग्रेसको दुईतिहाइ बहुमत रहेको कचनकवलमा प्रशासनिक काममा हस्तक्षेप भएको भन्दै दुई बर्षमा ४ जना प्रमुख प्रशासकीय अधिकृतले पालिका छोडेर अन्यत्र सरूवा लिएर गइसकेका छन् भने २०७४ यता ९ जना प्रमुख प्रशासकीय अधिकृत फेरबदल भएको देखिन्छ । राप्रपाको बहुमत रहँदादेखिको राजनीतिक हस्तक्षेप काँग्रेसको दुईतिहाइ बहुमत हुँदासम्म उही गतिमा कायम रहेको भुक्तभोगी कर्मचारीको अनुभव छ । विकास निर्माणको रकम विनियोजनदेखि पालिकाका क्षेत्रमा कर्मचारी नियुक्ति, सरूवा, बढुवा, अनुदान, कमिशनको चलखेल वा अवसर प्रदान गर्ने विषयमा राजनीतिक हस्तक्षेप हुने गरेको कर्मचारीको आरोप छ । जनप्रतिनिधि र अन्य कर्मचारीले राजनीतिक हस्तक्षेप गर्ने प्रवृत्ति बढ्दा प्रमुख प्रशासकीय अधिकृत निर्धारित अवधिअगावै सरूवा लिएर हिड्ने गरेको बताइन्छ ।

तोकिएको न्यूनतम समयसम्म पनि प्रमुख प्रशासकीय अधिकृत पालिकामा टिक्न नसक्दा प्रमुख प्रशासकीय अधिकृतविना विकास निर्माणदेखि अन्य सेवा प्रवाहमा ठूलो असर परेको गाउँपालिका उपाध्यक्ष नवराज भट्टराई बताउँछन् ।

'पालिकामा कांग्रेसको बहुमतसहितका जनप्रतिनिधि हुनुहुन्छ । हामीले त सहयोग गरेका नै छौं तर कांग्रेसभित्रको अन्तरकलहका कारण प्रमुख प्रशासकीय अधिकृतलाई नचाहिदो दवाब दिँदा बस्न सक्नुहुन्न' उनको भनाइ छ ।

कचनकवल गाउँपालिकामा २०७४ यता बिमल पोखेल, गङ्गा न्यौपाने, रेखनाथ दाहाल, तुलाराज थापामगर, दुर्गाप्रसाद पौडेल, कुमार बस्नेत, हिराकुमारी यादव, सुभाष चन्द्र सुमन, पुण्यप्रसाद पौडेल प्रमुख प्रशासकीय अधिकृत भएर आएका थिए । आठ वर्षमा ९ जना प्रमुख प्रशासकीय अधिकृत फेरिएको कचनकवलमा एकजना बराबर १० महिना ६ दिन मात्र बस्ने गरेको देखिन्छ ।

गौहत्याको आरोपमा पक्राउ ६ जनामाथि मुद्धा

झापा(प्रस) । झापाको कन्काई र अर्जुनधारामा गौहत्याको आरोपमा पक्राउ परेका ६ जनामाथि बिर्तामोड प्रहरीले पशुपंछीसम्बन्धी ऐनअनुसार कार्वाही अघि बढाएको छ ।

मंसिर ११ गते कन्काई ३ टप्पुमा गाई काटेको आरोपमा पाँचजना पक्राउ परेका थिए । पक्राउ पर्नेहरुमा बाह्रदशी गाउँपालिका वडा नं. ४ बस्ने ४६ वर्षीय बुधन आलम,उनकी श्रीमती ३९ वर्षीया कुरेसा खातुन , भारत किसनगञ्ज ठेगाना भई हाल कनकाई ३ मा बस्ने २० वर्षीय दिलवर हुसेन , उनकी श्रीमती १९ वर्षीया महिदा खातुन र कन्काई -४ बस्ने २१ वर्षीय मोहम्मद मुन्ना आलम रहेका छन् ।

त्यस्तै कन्काईमा गाई काटेको पर्सिपल्ट मंसिर १३ गते अर्जुनधारामा पनि गौहत्या भएको थियो । त्यस घटनामा संलग्न एकजना पक्राउ परेका हुन् भने अर्को फरार छन् । पक्राउ पर्नेमा अर्जुनधारा- ४ का अन्दाजी ५० वर्षीय राम तामाङ रहेका छन् । अन्दाजी ५५ वर्षीय सन्तबहादुर मोक्तान तामाङ फरार रहेको र उनको खोजी भइरहेको डीएसपी इलाका प्रहरी कार्यालय बिर्तामोडका डीएसपी प्रकाश विष्टले बताए । उनले पक्राउ परेका ६ जनामाथि झापा जिल्ला अदालतबाट पशुपंछीसम्बन्धी ऐन (गाई गोरु मार्न नहुने) कसुरमा म्याद थप गरी सो सम्बन्धमा थप अनुसन्धान भइरहेको जानकारी दिएका छन् ।

अपाङ्गता भएका व्यक्तिहरुको दिवसमा विविध कार्यक्रम

झापा(प्रस) । अपाङ्गता भएका व्यक्तिहरुको ३३ औं अन्तरष्ट्रिय दिवस झापामा विविध कार्यक्रमसहित मनाइएको छ। बिर्तामोड अपाङ्गता स्वावलम्वन संस्था , झापा नेत्रहीन संघ र मेची बहिरा संघको संयुक्त आयोजनामा बिर्तामोडमा ऱ्याली र सभा गरिएको थियो । विभिन्न प्लेकार्डसहितको ऱ्याली बिर्तामोड बजार परिक्रमा गरी आदर्श ब्यांक्वेटमा सभामा परिणत भएको थियो । बिर्तामोड अपाङ्गता स्वावलम्बन संस्थाका

अपाङ्गता भएका व्यक्तिहरुको ३३औं अन्तर्राष्ट्रिय दिवस-२०८१
आयोजकहरु

❖ बाँकी तेस्रो पृष्ठमा

राप्रपा बिर्तामोडको नेतृत्व लिन हानाथाप

बिर्तामोड(प्रस) । राष्ट्रिय प्रजातन्त्र पार्टीको बिर्तामोड नगर समितिको नेतृत्व लिन हानाथाप चलेको छ ।

आइतवार शुरु भएको नगर अधिवेशनमा नगर अध्यक्ष पदका लागि ६ जनाले उम्मेद्वारी दिएका छन् । रन्जु प्याकुरेल , लक्ष्मी गौतम ,अजय कार्की , नवीन भट्टराई , जनक खड्का र राधेश्याम माझीले उम्मेद्वारी दिएका हुन् । २२ सदस्यीय कार्यसमितिका लागि सदस्य पदहरुमा भने सर्वसम्मत भइसकेको छ । अध्यक्ष पदमा सर्वसम्मत गराउन आज बुधवारसम्मको समय दिइएको छ । तर, सर्वसम्मतको लागि सहमति हुने संभावना कम देखिएको छ ।

नेपाली कांग्रेस र नेकपा एमालेलगायतका दलहरुमा निर्वाचन प्रक्रियाबाट नेतृत्व चयन भइरहँदा त्यसको प्रभाव राप्रपामा पनि परेको हो । अहिलेसम्म राप्रपा बिर्तामोडको अधिवेशनमा चुनाव भएको छैन । धेरै संभावना भएको नगर भएकाले बिर्तामोडमा कुशल नेतृत्व चयन गर्न केन्द्रीय अध्यक्ष राजेन्द्र लिङ्देनले अधिवेशन उद्घाटनका अवसरमा निर्देशन दिएका थिए ।

बसको ठक्करबाट मोटरसाइकल चालकको मृत्यु

झापा(प्रस) । झापाको मेचीनगरमा बसको ठक्करबाट मोटरसाइकल चालकको मृत्यु भएको छ । मंगलवार दिउँसो अन्दाजी .१२:३० बजे मेचीनगर नगरपालिका वडा नं.१३ तेलिबारीस्थित पूर्वपश्चिम राजमार्गमा बागमती प्र-०१-००६ ख ४९०९ नम्बरको बस र मे १० प ३५७२ नम्बरको मोटरसाइकल एक आपसमा ठक्कर खाई दुर्घटना हुँदा मोटरसाइकल चालक भद्रपुर नगरपालिका वडा नं.१० सहिद चोक बस्ने अन्दाजी ५५ वर्षीय किसन न्यौपाने घाइते भएका थिए ।

धुलाबारीबाट चारआलीतर्फ आउँदै गरेको सो बसले बिपरित दिशाबाट जाँदै गरेको मोटरसाइकलले बाटो क्रस गर्न खोज्दा ठक्कर दिएको बताइएको छ ।

घाइते न्यौपानेलाई उपचारको लागि बीएण्डसी अस्पताल बिर्तामोड ल्याइएकोमा अस्पताल ल्याइपुर्याउनासाथ चिकित्सकले मृत घोषणा गरेका छन् ।

बस, बस चालक उदयपुर चौदण्डीगढी नगरपालिका वडा नं.६ बस्ने अन्दाजी ४२ वर्षीय बिजयकुमार यादव र मोटरसाइकल इलाका प्रहरी कार्यालय धुलाबारीको नियन्त्रणमा रहेको जिल्ला प्रहरी कार्यालयले जनाएको छ ।

झापामा दुर्घटनामा परी घाइते भएका तीन जनाको सोमवार मात्र मृत्यु भएको थियो ।

दुईजनाको मोटरसाइकल दुर्घटनामा र अर्का एकजनाको साइकलबाट लडेर मृत्यु भएको हो । गत कात्तिक महिनामा जिल्ला सवारी दुर्घटनामा परी १४ जनाले ज्यान गुमाएका थिए । मंसिर महिनामा मात्र ६ जनाको दुर्घटनामा मृत्यु भइसकेको छ । झापामा तीन दिनदेखि टाइमकार्ड लागु भएको छ । तर, दुर्घटना न्यूनीकरण हुन सकेको छैन ।

YAMAHA RACING
The call of the BLUE
YAMAHA EXCHANGE & UPGRADE
CASH DISCOUNT Rs. 6,000
FREE* ACCESSORIES
HELMET
LEG GUARD
FOOT MAT
BIKE COVER
BAG
VALUE ADDITION RS. 6,000
EASY FINANCE
0% INTEREST EMI
*ON SPECIFIC MODELS
*Conditions Apply
MANGSIR 16 - 21
BIRTAMODE
SAYAPATRI TRADE LINK
023-531677, 9852641677, 9815016021

हात्ती छेक्न डढेलो : शिवसताक्षी नगरपालिका वडा नम्बर ८ बाट मानव बस्ती पस्ने हात्तीको पहिलो गौडा हो बुद्धचोक । बुद्धचोक उत्तरको यो गौडाबाट दिनहुँ हुलका हुल हात्ती मानव बस्ती पस्ने गरेका छन्। हात्ती छेक्न साँझमा जङ्गल क्षेत्रमा डढेलो लगाइएको छ ।

नेपाल र चीनबिच आठ सहमतिपत्रमा हस्ताक्षर

झापा(प्रस) ।नेपाल र चीनका प्रधानमन्त्रीको उपस्थितिमा व्यापार प्रवर्द्धन, प्राविधिक सहयोग आदानप्रदानलगायत विभिन्न आठ विषयमा सहयोग र सहकार्यसम्बन्धी सहमतिपत्रमा हस्ताक्षर भएको छ ।

चीनको औपचारिक भ्रमणमा रहेका प्रधानमन्त्री केपी शर्मा ओली र चीनका प्रधानमन्त्री ली छ्याङबिच ग्रेट हल अफ पिपलमा दुईपक्षीय भेटवार्तापछि आपसी सहकार्यसम्बन्धी सहमतिपत्रमा हस्ताक्षर भएको हो ।

वार्ताअघि प्रधानमन्त्री ओलीलाई चिनियाँ जनमुक्ति सेनाले 'गार्ड अफ अनर' प्रस्तुत गरेको थियो । प्रधानमन्त्री ओली नेतृत्वको प्रतिनिधिमण्डल चीनको औपचारिक भ्रमणमा सोमवार बेइजिङ पुगेको हो ।

भरुवा बन्दुकसहित यादव पक्राउ

झापा, मंसिर १८ । भरुवा बन्दुकसहित मोरङको सुनवर्षीबाट प्रहरीले मंगलबार दिउँसो एकजनालाई पक्राउ गरेको छ। प्रहरीका अनुसार सुनवर्षी नगरपालिका-७ बरडंगाका ओमप्रकाश यादवलाई पक्राउ गरिएको हो । यादवको घरमा इलाका प्रहरी कार्यालय रंगेलीका इन्स्पेक्टर सन्तोषकुमार खड्का नेतृत्वको टोलीले दिउँसो १२ः १५ बजेतिर छापा हानेको थियो ।

त्यसक्रममा यादवको घरमा बन्दुक भेटिएको हो । बन्दुकसहित यादवलाई पक्राउ गरेर प्रहरीले अनुसन्धानको थप प्रक्रिया अघि बढाएको जनाएको छ ।

Developing Trust & Sustainable It Soultion
FAST TRACK
IT SOLUTION
Branded Computers
Laptops
Smart Phones
Printers
CCTV Camera
Batteries
Accessories
Gadgets
OUR SERVICES
- Networking
- Software & Reprogramming
- Computer & laptop Accessories
- CCTV Camera & Security
- Computer & Printer Repairing

Sanischare Road Luitel Complex Birtamod, Jhapa
☎ 023-532354
ftis075@gmail.com
www.ftis.com.np

एनपीएलमा 'बेटिङ' गरेको आरोपमा चारजना पक्राउ

झापा(प्रस) । नेपाल प्रिमियर लिग (एनपीएल) मा 'बेटिङ' गरेको आरोपमा प्रहरीले चारजनालाई पक्राउ गरेको छ । कीर्तिपुरस्थित त्रिभुवन विश्वविद्यालय क्रिकेट खेलमैदानमा सञ्चालन भइरहेको प्रतियोगितामा बेटिङ गराएको आरोपमा भारत बिहारका चारजना पक्राउ परेका हुन् ।

नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरो (सीआईबी) का प्रवक्ता एवं प्रहरी उपरीक्षक होबिन्द्र बोगटीका अनुसार पक्राउ पर्नेमा भारतीय नागरिकहरु २४ वर्षीय सुमन भोज, २५ वर्षीय अमित यादव, २४ वर्षीय सुमन कुमार र २५ वर्षीय ब्रजेस कुमार छन् ।

उनले भने, "सुमन भोज र अमित यादवलाई सोमबार पक्राउ गरिएको हो भने सुमन कुमार तथा ब्रजेस कुमारलाई मंगलवार पक्राउ गरिएको हो । उनीहरुबिरुद्ध सट्टेबाजी गर्न नहुने कसुरमा म्याद थपका लागि अदालत लगिएको छ ।"

दुर्गा प्रसाईंलाई थप ४ दिन हिरासतमा राख्न अनुमति

झापा(प्रस) । राष्ट्रिय, राष्ट्रियता धर्म, संस्कृति र नागरिक बचाउ महाअभियानका संयोजक दुर्गा प्रसाईं थप ४ दिन हिरासतमा रहने भएका छन् । उनलाई काठमाडौँ जिल्ला अदालतले थप ४ दिन हिरासतमा राखेर अनुसन्धान गर्न मंगलबार प्रहरीलाई अनुमति दिएको हो ।

प्रधानमन्त्री केपी शर्मा ओलीको कम्बोडियामा लगानी रहेको भन्दै विवादास्पद सामग्री सार्वजनिक गरेपछि सीआईबीले उनलाई पक्राउ गरेको थियो । साइबर अपराध अभियोगमा उनी मंसिर ४ गते पक्राउ परेका थिए । उनले आफ्नो पक्राउ गैरकानुनी भएको भनेर यसअघि नै सर्वोच्चमा बन्दी प्रत्यक्षीकरणको रिट हालेपनि खारेज भएको थियो ।

भेनियर सीटको निर्यात २ सयबढी प्रतिशतले बृद्धि

- **लक्ष्मी उप्रेती**

मेचीनगर । पूर्वी काँकरभिट्टा नाकाबाट भेनियर सीटको निर्यात २ सयबढी प्रतिशतले बृद्धि भएको छ । गत आर्थिक वर्ष २०८०/०८१ को पहिलो चार महिनाको अवधिको तुलनामा चालु आर्थिक वर्ष २०८१/०८२को सोही अवधिमा २ सय ४१ दशमलव ९४ प्रतिशतले निर्यात व्यापारमा बृद्धि भएको मेची भन्सार कार्यालय काँकरभिट्टाले जनाएको छ ।

नेपालमा विदेशी मुद्रा आर्जन गर्न र वैदेशिक व्यापार घाटा कम गराउन भेनियर र प्लाई काठको निर्याततले महत्वपूर्ण योगदान पुर्‍याएको भन्सारका सूचना अधिकारी भन्सार अधिकृत गणपति कँडेलले जानकारी दिए ।

उनका अनुसार चालु आवको साउनदेखि कात्तिक मसान्तसम्म काँकरभिट्टा नाका भएर १६ करोड ४५ लाख १२ हजार मूल्यबराबरको भेनियर सीट भारत निर्यात भएको छ । आर्थिक वर्ष

२०८०/०८१ को पहिलो चार महिनामा ४ करोड ८१ लाख ११ हजार रुपैयाँ मूल्यबराबरको भेनियर सीट निर्यात भएको सरकारी अभिलेख छ । गत आर्थिक वर्षको पहिलो चार महिनाको तुलनामा चालु आवको सोहि अवधिमा २ सय ४१ दशमलव ९४ प्रतिशतले निर्यात व्यापारमा बृद्धि भएको हो ।

गोलिया काठबाट भेनियर पत्ती उत्पादन हुने गर्दछ भने भेनियर पत्तीबाट प्लाईबोर्ड बनाउने

गरिएको छ । नेपालमा भेनियर पत्ती सिधैँ भारत निर्यात हुने गरेको छ भने भेनियर पत्तीबाट प्लाईबोर्ड उत्पादन गरेर निर्यात गर्न प्लाइउड उद्योगहरू स्थापना भएका छन् । भेनियर पत्तीबाट प्लाईबोर्ड बनाउन नेपालभर ८० वटा प्लाईउड उद्योगहरू स्थापना भएका छन् । प्लाईउड उद्योगहरूले आफूलाई आवश्यक पर्ने कच्चा पदार्थको ८० प्रतिशत आपूर्ति गर्नका लागि उद्योगभित्रै एक सयभन्दा बढी भेनियर मेसिन जडान गरेका छन् ।

काँकरभिट्टा, विराटनगर र भैरहवा नाकाबाट यी सामानको भारत निर्यात हुँदै आएको छ। बिगतमा भन्सार अधिकारीहरुका अनुसार भारतबाट आयात गरेर माग धान्नुपर्ने अवस्था रहेकोमा हाल भेनियर र प्लाईबोर्डमा नेपाल आत्मनिर्भरमात्र भएको छैन, निकासी गर्ने मुलुक बनेको छ। पहाडमा खेर गइरहेको कुकाठ बिक्रीबाट किसानको आयआर्जन वृद्धि गर्न, मुलुकभित्रै रोजगारीको अवसर सिर्जना गर्न, विदेशी मुद्राआर्जन गरी वैदेशिक व्यापार घाटा न्यूनीकरण गर्न र राज्यलाई ठूलो मात्रामा राजस्व बुझाएर अर्थतन्त्रलाई बलियो बनाउन भेनियर उद्योगले महत्वपूर्ण योगदान पुर्‍याएको सम्बन्धित व्यवसायीहरु बताउँछन् ।

हाम्रो नेपाल बचत तथा ऋण सहकारी संस्था लिमिटेड
HAMRO NEPAL SAVING & CREDIT COOPERATIVE LIMITED

मुख्य कार्यालय : बिर्तामोड - ४, झापा

१२ औं बार्षिक साधारणसभा सम्बन्धी सूचना

प्रस्तुत बिषयमा यस संस्थाको संचालक समितिको मिति २०८१/०८/०८ गतेको २२८ औं बैठकको निर्णय अनुसार सहकारी ऐन २०७४, सहकारी नियमावलि २०७५, प्रदेश सहकारी ऐन २०७६, प्रदेश सहकारी नियमावलि २०७६ र सहकारी संघ/संस्था संचालन, अनुगमन तथा लेखापरिक्षण सम्बन्धी मापदण्ड २०७८ र यस संस्थाको विनियम २०८१ को दफा ३५ बमोजिम १२ औं बार्षिक साधारणसभा तपशिलको मिति, स्थान र समयमा निम्न बमोजिमको कार्यसूचिका आधारमा सम्पन्न हुने निश्चय भएकोले सम्पुर्ण शेयर सदस्य, सरोकारवाला तथा नियमनकारी निकायको जानकारीका लागि यो सूचना प्रकाशन गरिएकोछ ।

तपशिल

साधारणसभाको कार्यसुचि :

१. संचालक समितिको तर्फबाट आ.व.२०८०/०८१ को बार्षिक प्रगति प्रतिवेदन उपर छलफल गर्ने ।
२. आ.व. २०८०/०८१ को लेखा सुपरिवेक्षण समितिको प्रतिवेदन उपर छलफल गर्ने ।
३. आ.व. २०८०/०८१ को स्वतन्त्र लेखा परिक्षकको प्रतिवेदन उपर छलफल गर्ने ।
४. आ.व २०८१/०८२ को प्रस्तावित वार्षिक नीति तथा कार्यक्रम र बजेट उपर छलफल गर्ने ।
५. आ.व २०८१/०८२ का लागि लेखा परिक्षकको नियुक्ति र पारिश्रमिक निर्धारण गर्ने ।
६. रिक्त रहेको लेखा सुपरिवेक्षण समिति सदस्य (१ जना महिला) को उपनिर्वाचन गर्ने ।
७. सहकारी संस्था एकिकरण सम्बन्धी छलफल तथा अख्तियारी प्रदान गर्ने ।
८. संचालक समिति, लेखा सुपरिवेक्षण समिति र उपसमितिको बैठक भत्ता निर्धारण गर्ने ।
९. संचालक समिति अध्यक्षको मासिक भत्ता निर्धारण गर्ने ।
१०. व्यवस्थापकको पारिश्रमिक तथा सेवा सुविधा निर्धारण गर्ने ।
११. नीति तथा कार्यविधिहरु संसोधन प्रस्ताव उपर छलफल गर्ने ।
१२. बैंक तथा वित्तिय संस्था, सहकारी बैंक्त र संस्था आबद्ध रहेको छाता संघ/संस्थाबाट लिने बाह्य कर्जा स्विकार गर्ने प्रस्ताव उपर छलफल गर्ने ।
१३. गैह्र बैंकिङ्ग सम्पत्ती (लिलाम गरिएको घर जग्गा)हरुको विक्री गर्ने ।
१४. संचालक समिति, लेखा सुपरिवेक्षण समिति र उपसमितिहरुको बैठकहरुले गरेका निर्णय उपर छलफल तथा अनुमोदन गर्ने सम्बन्धमा छलफल गर्ने ।
१५. कर्मचारी दरबन्दी तथा नियुक्ति स्विकृत गर्ने सम्बन्धमा छलफल गर्ने ।
१६. नियामक निकायको निर्देशन कार्यान्वयन गर्ने ।
१७. माइन्यूट प्रमाणिकरण सभाका लागी प्रतिनिधि सदस्यको मनोनयन गर्ने ।
१८. सुझाव संकलन गर्ने ।
१९. संकलित सुझावहरु पेश गर्ने ।

एकाईगत साधारणसभा सम्बन्धि कार्यक्रम

क्र.स.	मिति	एकाइ नं.	एकाई अर्न्तगतका सेवाकेन्द्रहरू	साधारणसभा हुने स्थान	कार्यक्रम सुरु हुने समय	एकाई सहजकर्ता
१	२०८१-०९-१६	एकाइ नं. १	बुधबारे, चारआली, धुलाबारी, इटाभट्टा, काकडभिट्टा, हर्कटे	किरात याकथुङ्ग चुम्लुङ्ग सामुदायिक भवन, चारआली	बिहान ११ बजे	कुसुम सुवेदी
२	२०८१-०९-१७	एकाइ नं. २	गौरादह, गौरीगञ्ज, गेउरिया	प्रभुधाम सेवा सदन, गौरीगञ्ज	बिहान ११ बजे	बिनोद हस्दा
३	२०८१-०९-१८	एकाइ नं. ३	बिर्तामोड, राजगढ, शनिश्चरे, दानाबारी, खुदुनाबारी	आर्दश व्याङ्क्वेट, बिर्तामोड	बिहान ११ बजे	सुजित दंगाल
४	२०८१-०९-१९	एकाइ नं. ४	चन्द्रगढी, मंगलबारे, बनियानी, सोमबारे	जि.स.स. झापाको सभाहल चन्द्रगढी	बिहान ११ बजे	सागर निरौला
५	२०८१-०९-२०	एकाइ नं. ५	मधुमल्ला, उर्लाबारी, दाम्रभिट्टा, मंगलबारे०२८, पथरी	सिन भिलेज रिसोर्ट, पथरी	बिहान ११ बजे	हिमाल फुँयाल
६	२०८१-०९-२१	एकाइ नं. ६	सुरुङ्गा, झिलझिले, लक्ष्मिपुर, शिवगञ्ज, कामाटोली	नर्मदेश्वर शिव पञ्चायन मन्दिर, दुधे	बिहान ११ बजे	निश्चल सुवेदी
७	२०८१-०९-२२	एकाइ नं. ७	दमक, केरखा, चुलाचुली	पशुपति मन्दिरको सभाहल दमक	बिहान ११ बजे	गिता दाहाल

माईन्युट प्रमाणिकरण सभा सम्बन्धि कार्यक्रम
मिति : २०८१/०९/२५ गते बिहिबार
स्थान : आर्दश व्याङ्क्वेट बिर्तामोड
समय : बिहान ठिक ११:०० बजे ।

भवानी प्रसाद दंगाल
अध्यक्ष

गावो विश्वस्य मातरः
हार्दिक निमन्त्रणा
श्रीशताक्षी गोरक्षा महोत्सव २०८१
धनधान्याचल ज्ञान महायज्ञ
पञ्चकुण्डिय श्रीरुद्र महायज्ञ, श्रीतुलसी शालिग्राम श्रीसीताराम विवाह
तथा लिंग महापुराण कथा प्रवचन,
५१ फिट अग्लो रुद्राक्षको पार्थिव शिवलिंगमा विषेश अर्चना
२०८१ मंसिर १४ देखी २४ गते
29 Nov to 09 Dec , 2024
सोमबार पर्यन्त
आयोजक
श्री शताक्षीधाम गोलोक गोवर्धन गौशाला
श्री शताक्षीधाम धार्मिक तथा पर्यटन विकास समिति

नव सञ्चार गृह प्रा.लि.द्वारा प्रकाशित तथा नव सञ्चार अफसेटमा मुद्रित । कार्यालय : भद्रपुर बस स्टेण्ड पश्चिम, गजुरमुखीटोल, बिर्तामोड (झापा) । फोन नं.: ०२३-५४३८२० । इमेल : pratidin65@gmail.com । अध्यक्ष : युवराज दाहाल । सम्पादक : इन्द्रसिंह राजवंशी

सम्पादकीय

अपाङ्गता भएकालाई सम्मान गरौ

अपाङ्गता भएका व्यक्तिहरुको ३३ औं अन्तर्राष्ट्रिय दिवस झापामा विविध कार्यक्रमसहित मनाइएको छ। शारीरिक कमजोर भएका (अपाङ्गता भएका) व्यक्तिलाई राज्यले विशेष वर्ग भनी परिभाषित गरेको छ। त्यसैअनुरुप परिवार, समाज, राष्ट्रिय एवं अन्तर्राष्ट्रिय रुपमै उनीहरूको भूमिकालाई मौलाउन दिनु विशेष सामाजिक एवं समावेशी वर्गीय अधिकार हो। सामाजिक नियमको परिधिमा रही प्रत्येक मानव समुदाय आफ्नो चेतना अनुरुप अगाडि बढिरहेको हुन्छ। प्रत्येक व्यक्तिको सामाजिक चाहना भनेको आफ्नो प्रतिष्ठा एवं इज्जतका साथ बाँच्न पाउनु नै हो।

आधारभूत मागहरू सम्बोधन हुने खालको संविधान सबैको चाहना हो। सोही आवश्यकता महसुस हुनु स्वाभाविक छ। जुन ढंगले अपांगता भएका व्यक्तिले अपांगताको अप्ठ्यारो अवस्थालाई सहर्ष स्वीकारेका छन्। त्यसैअनुरुप जीवन चुनौतीपूर्ण र कष्टकर छ। राज्यद्वारा उनीहरूको जीवनमा न्यायोचित अवसरका बारेमा नीतिगत रुपमा बोल्नु आवश्यक छ। अनिमात्र उनीहरूले आफ्नो चाहना सम्बोधन भएको महसुस गर्न सक्छन्। अधिकारका सवालमा सरोकारवाला संघ, संस्थाबाट सानातिना पहल नभएका पनि होइनन्। तर सोचे अनुरुपको प्रभावकारिता पाउन सकिएको छैन। अपांगता भएका व्यक्तिहरूको अधिकारसम्बन्धी अन्तर ाष्ट्रिय महासन्धी संसद्बाट पारित भएको पनि धेरै वर्ष भइसकेको छ। राष्ट्रिय अपांग महासंघ नेपाल, नेपाल नेत्रहीन संघ, बहिरा महासंघ नेपाललगायतका तीन सय ५० को हाराहारीमा अपांगतासम्बन्धी कार्य गर्ने संघ, संस्था देशका विभिन्न ठाउँमा कार्यरत छन्। जीविकोपार्जनका लागि संस्था खोल्नेभन्दा पनि सामाजिक परिवर्तनका लागि संस्थागत धरोहर स्थापना गरी अभियान छेड्नु आवश्यक छ। तर हालसम्मको लगानी अनुरुपमा उपलब्धि आकासको फलजस्तै भएको छ। अझै पनि अपांगतासम्बन्धी संघ–संस्थालाई अन्तर्राष्ट्रिय महासन्धीको अन्तर्वस्तुबारे अनभिज्ञ जस्तै छन्। तसर्थ महासन्धी अनुरुप प्रभावकारी घरेलु कानुन निर्माण र कार्यान्वयनमा ढिलासुस्ती भइरहेको छ।

अपांगता क्षेत्रमा देखिएको भयावह समस्या भनेको आवश्यक आधार भूत आवश्यकतामुखी स्वास्थ्य नै हो। स्वास्थ्यसम्बन्धी चेतनाबिना न ऊ सहज रुपमा शिक्षा लिन सक्छ न त उसले राज्यद्वारा प्रदत्त अन्य आधारभूत सेवा, सुविधाको नै जानकारी प्राप्त गर्न या स्वीकार्न सक्छ। अर्कोतर्फ जनचेतनाकै अभावमा कतिपय परिवारका बालबच्चा जन्मजात अपांगताको परिचयसहित जन्म लिएका हुन्छन्। अर्थात् शारीरिक, मानसिक एवं शारीरिक रुपमा कमजोर हुन्छन् भने कतिपय जन्मपश्चात् द्वन्द्व, हिंसा, आतंकजस्ता गतिविधिको प्रभावबाट अपाङ्ग बन्छन्। उचित पोषणको अभावमा बालबालिकाहरु कुपोषित भएको अवस्था छ। यसरी कुपोषण हुने अवस्था अनेक तवरले सिर्जना भइरहेका छन्। स्वास्थ्य संस्थाको समयमै सहज पहुँच छैन। सरकार सुदूरपश्चिमका बासिन्दा खान नपाएर भोकै भएको बिषयलाई अध्ययन गर्दछ तर कीरा परेका वा आवश्यक कमसल खाद्यवस्तु परिमाणको रुपमा पठाउने गर्दछ। जसका कारण सुदूर–पश्चिमका कतिपय गाउँका बासिन्दामा बढी अपांगता भएको कुरा विभिन्न सञ्चार माध्यमबाट सुन्न र देख्न पाइन्छ। स्थानीय पोषययुक्त ताजा खाद्य पदार्थ कोदोको महत्वबारे जानकारी गराइदैन। यो राज्यको कमजोरी शिवाय अर्को केही हुन सक्दैन।

कृषि अनुदानको औचित्य

• डा. हरिबहादुर केसी

कृषि क्षेत्रमा अनुदानको औचित्य र सदुपयोगबारे जनस्तरमा व्यापक चासो देखिएको छ । कृषिसम्बद्ध निकायले यो प्रश्नको सामना गरिरहनु परेको यथार्थ हो । हुन पनि कृषि क्षेत्रमा जाने बजेटको ठुलो हिस्सा कृषि अनुदानमा खर्च भइरहेको पनि छ । यसप्रति सबैको चासो भइरहँदा कृषि क्षेत्र र अनुदानसँग जोडिएका यावत् प्रश्नमा भने गहन अध्ययन भएको भेटिन्न । यो आवश्यक छ कि छैन ? अनुदानबेगर पनि नेपाली कृषि क्षेत्र प्रतिस्पर्धी हुन सक्छ कि सक्दैन ? अनुदानको हालसम्मको व्यवस्था नभएको भए हाम्रो कृषि वा भनौँ खाद्य तथा पोषण सुरक्षाको अवस्था अहिलेको जत्तिको हुने थियो कि थिएन होला ? पारदर्शिताका हिसाबले अनुदान दिने उपयुक्त तरिका के हुन सक्ला ? अनुदान कति मात्रामा र कति समयसम्म राज्यले धानिरहन सक्ला ? कृषि अनुदानमा साना किसानको पहुँच कसरी पुऱ्याउन सकिन्छ ? जस्ता विषयमा भने खासै बहस भएको पाइँदैन ।

कृषि क्षेत्रको विकासलाई राज्यले प्रवर्धन गरेदेखि नै कुनै न कुनै रूपमा अनुदान प्रवाह गरिआएको छ । यसरी प्रदान गरिने अनुदान प्रवाहको प्रक्रिया, मात्रा, क्षेत्र तथा उपक्षेत्र समयसँगै परिवर्तित हुँदै आएको छ । सरकारले उत्पादन सामग्रीमा अनुदान सुरुमा उन्नत बिउबाट सुरु गरेको र पछि रासायनिक मल, प्राङ्गारिक मल, विषादी, ससाना पूर्वाधार तथा उपकरणमा दिँदै आएको छ । विसं २०६० को दशकबाट प्रस्ताव लेखनका आधारमा प्रतिस्पर्धा गरी सीमित कृषक व्यवसायीमा पूरक अनुदानका रूपमा प्रतिस्पर्धात्मक अनुदान प्रणालीको सुरु भएको पाइन्छ । अनुदान प्रवाहमा स्पष्ट नीति नभएको र सालबसाली कार्यक्रमले तय गरे अनुसार कार्यविधि तयार गरी प्रवाह गरिआएको पाइन्छ । के केमा व्यवस्था छ त नि कृषिमा अनुदान ? अब कृषि क्षेत्रमा प्रवाह भइरहेको अनुदानका सन्दर्भमा केही कुरा गरौँ । कृषि क्षेत्रमा प्रदान गरिने अनुदान सहुलियतहरू आधारभूत रूपमा तपसिल अनुसार वर्गीकरण गर्न सकिन्छ :

वित्तीय सहयोग : यस वर्गमा सहुलियतपूर्ण कृषि कर्जा, ब्याज अनुदानका कार्यक्रम, कृषि तथा पशुपन्छी बिमा प्रिमियममा दिँदै आएको अनुदान, उखु उत्पादक कृषकलाई दिँदै आएको उखुको मूल्यमा थप सहुलियत, कृषि उपजको आयातमा भन्सार छुटलगायतका कर छुट अनुदान, निर्यात प्रवर्धनका लागि कर छुट, व्यवसाय सुरुवात पुँजी, कृषि व्यवसाय विकासका लागि पूरक लगानी, सिँचाइमा, विद्युत् मिटरमा छुटलगायतका पर्छन् ।

कृषि सामग्री सहयोग : यस वर्गमा रासायनिक मलको खरिदमा दिँदै आएको मूल्यमा भारी छुट प्रमुख रहेको छ । यसका साथै स्रोत र उन्नत बिउ उत्पादन र प्रयोगमा अनुदान, फलफूल बिरुवा, पशु नस्ल, माछा भुरा, पशु आहारा, कृषि यन्त्र आदि अनुदान पर्छन् ।

प्रतिफलमा आधारित सहयोग : यसमा क्षेत्रफल विस्तारका आधारमा दिने अनुदान जस्तै चैतेधान, हिउँदे र बसन्ते मकै, बिउ उत्पादन, तरकारी खेती विस्तार, बाँझो जग्गा उपयोग गरेबापतको अनुदान, दुध उत्पादनमा अनुदान, पाडाबाच्छा हुर्काउँदाको अनुदान जस्ता विषय समावेश छन् ।

पूर्वाधार विकास सहयोग : यस वर्गमा साना सिँचाइ पूर्वाधार, स्रोतकेन्द्र विकास, बजार पूर्वाधार निर्माण, माछा पोखरी निर्माण, कोल्ड स्टोरेज तथा कोल्ड च्याम्बर निर्माण, दुध चिस्यान केन्द्र, बिउ तथा खाद्यान्न भण्डारगृह निर्माण, प्लास्टिक घर, गोठ, खोर निर्माण जस्ता निर्माणमा दिने पूरक अनुदान आदि पर्छन् ।

प्राविधिक सेवा टेवा : कृषि तथा पशुपन्छीसम्बन्धी प्राविधिक सेवा निःशुल्क उपलब्ध हुने व्यवस्था छ । यसका साथै प्रयोगशाला सेवा, पशुपन्छी स्वास्थ्य सेवा, गुणस्तर व्यवस्थापन, बजारीकरण, बजार सूचना, समूह सहकारीका संस्थागत विकास सहयोग आदिमा पनि सरकारी सहयोग रहने गरेको छ ।

कृषि अनुदान वितरण गर्ने तरिका

अब कृषि क्षेत्रमा जाने मुख्य मुख्य अनुदान कसरी कृषक वा कृषि व्यवसायीसमक्ष पुग्छ, त्यसको चर्चा गरौँ । रासायनिक मल संघीय मन्त्रालय अन्तर्गतका कम्पनीबाट खरिद भई प्रदेश सरकारको समन्वयमा स्थानीय तहबाट कृषि सहकारीमार्फत वितरण हुन्छ । सरकारले अनुदानमा वितरण हुने रासायनिक मलको बिक्री मूल्य निर्धारण गरेको छ । कम्पनीहरूले खरिद गर्दा लागेको परल मूल्य तथा खरिद मूल्य र बिक्री मूल्यबिचको फरक रकम अनुदानका रूपमा रहन्छ र यो हाल करिब ६५ प्रतिशतको हाराहारीमा रहेको छ । हाल वार्षिक करिब २५ अर्ब रुपियाँभन्दा धेरै रकम यसमा खर्च भएको छ । यस्तै कृषि तथा पशुपन्छी बिमा गर्दा प्रिमियम रकममा राज्यले वर्गीकरणका आधारमा ५० देखि ८० प्रतिशतसम्म अनुदानको व्यवस्था गरेको छ । बिमा कम्पनीहरूसँग जोडिएका कृषि र पशुपन्छी बिमाका अभिकर्ता र प्राविधिकमार्फत कृषकबाट २० देखि ५० प्रतिशतसम्म प्रिमियम रकम लिई बिमा गरिन्छ । बिमा कम्पनीमार्फत बिमा प्राधिकरणमा अभिलेख प्राप्त हुन्छ । उक्त अभिलेख प्राधिकरणले र कृषि तथा पशु सेवा विभागले प्रमाणीकरणका गरी बाँकी प्रिमियम रकम बिमा कम्पनीमा शोधभर्ना हुने व्यवस्था छ । हालको व्यवस्थामा वार्षिक करिब एक अर्ब खर्च हुन्छ । बिमा व्यवसाय विस्तारसँगै यो रकम प्रत्येक वर्ष बढ्दै गइरहेको छ ।

उखुको खरिद मूल्य प्रत्येक वर्ष सरकारले निर्धारण गर्छ । उखु उत्पादक कृषकलाई राज्यले उखुको मूल्यमा ७० रुपियाँ प्रतिक्विन्टल थप गरी कृषकलाई वितरण गर्छ । यसका लागि स्थानीय तहले प्रत्येक वर्ष उखु उत्पादक कृषकलाई सूचीकृत गर्छ । सूचीकृत कृषकबाट उत्पादित उखु चिनी मिलमा बिक्री भएपछि मिलले उखुको मूल्य भुक्तानी गर्छ । कृषकले पाउने सहुलियतका लागि जिल्लास्तरको भुक्तानी समितिको सिफारिससहितको अभिलेख कृषि विभागमा प्राप्त हुन्छ । कृषि विभागले अभिलेख जाँच गरी रकम भुक्तानीका लागि सिफारिससहित कृषि तथा पशुपन्छी मन्त्रालयमार्फत अर्थ मन्त्रालयमा पठाउँछ । त्यहाँबाट जिल्लास्थित कोष तथा लेखा नियन्त्रकको कार्यालयमार्फत सिधै कृषकको बैङ्क खातामा रकम वितरण हुन्छ । यस सहुलियत वार्षिक करिब एक अर्बभन्दा माथि हुन आउँछ । यस्तै नेपालका वाणिज्य बैङ्कहरूमार्फत २०७५ सालदेखि सरकारबाट पाँच प्रतिशत ब्याज छुट गरिएको सहुलियत कृषि कर्जा योजना जारी भएको हो । यस योजनाबाट हालसम्म ब्याज छुटबापत २२ अर्बभन्दा बढी रकम गरी सरकारले बेहोरेको नेपाल राष्ट्र बैङ्कको तथ्याङ्कमा भेटिन्छ । यससँगै प्रदेश सरकारबाट पनि कृषि कर्जामा ब्याज छुटका अन्य व्यवस्था पनि रहेका छन् । खाद्यान्नको बिउ उत्पादन र उपयोगका लागि तिनै तहका सरकारी निकायबाट वितरण हुने गरी बिउ उत्पादनका आधारमा र बिउको मूल्यका आधारका अनुदानको व्यवस्था छ र यो रकम वार्षिक करिब एक करोड हुन आउँछ । यी उल्लिखित मुख्य अनुदानका व्यवस्थामा हाल कृषि क्षेत्रमा गइरहेको अनुदान रकमको करिब ९० प्रतिशत रकम खर्च हुने गर्दछ ।

माथि अनुदान वर्गीकरणमा उल्लिखित पूर्वाधार विकास सहयोग र कृषियन्त्रलगायतका केही उत्पादन सामग्रीका प्रस्ताव माग गरी प्रतिस्पर्धाका आधारमा अनुदान दिने व्यवस्था रहेको छ । संघीय आयोजनाका रूपमा प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनाबाट तोकिएका बाली वस्तुका लागि कृषि प्रविधि विस्तार, कृषि पूर्वाधार विकास तथा कृषि यान्त्रिकीकरणलगायतका क्षेत्रमा कृषि अनुदानका कार्यक्रम सञ्चालन भइरहेका छन् । दातृ निकायको सहायतामा सञ्चालित विभिन्न आयोजनाले प्रस्ताव माग गरी प्रतिस्पर्धात्मक विधिबाट छनोट गर्ने र पूरक लगानीका रूपमा आर्थिक सहायता प्रदान गर्ने गरेका छन् । यो विधिबाट अनुदानग्राही छनोट गर्दा प्रस्ताव पेस गर्ने सबैले अनुदान नपाउने हुँदा नपाउनेले गुनासो गर्ने गरेको यथार्थ हो । सञ्चार माध्यममा धेरै आउने गुनासो यही विधिमा छ । कृषि प्रसार र बजार विकासका लागि स्थानीय तह र प्रदेश तहका निकायबाट कृषक समूह वा सहकारीमार्फत साना प्रकृतिका माथिका सबैखाले अनुदान प्रवाह हुन्छन् । प्रदेश र स्थानीय तहबाट अनुदानमा सञ्चालन हुने कृषि विकास कार्यक्रमका लागि सङ्घीय सरकारले ससर्त बजेटसमेत उपलब्ध गराउँदै आएको पनि छ । तिनै तहबाट अनुदान प्रवाहका कार्यक्रम सञ्चालन हुँदा कार्यक्रममा दोहोरोपना हुने अवस्था देखापरेको छ ।

अनुदानको आवश्यकता र औचित्य

अर्थतन्त्रमा महत्वपूर्ण योगदान दिँदै आएको तथा जनसङ्ख्याको ठुलो हिस्सा आश्रित भएको कृषि क्षेत्रले जीविकोपार्जन र रोजगारीका लागि महत्वपूर्ण भूमिका निर्वाह गरेको छ । नेपालको संविधानले प्रत्याभूत गरेको खाद्यसम्बन्धी हकलाई व्यवहारमा लागु गर्ने, पारिवारिक स्तरमा खाद्य तथा पोषण सुरक्षा गर्ने, औद्योगिक विकासका लागि कच्चा पदार्थ उपलब्ध गराउन कृषि क्षेत्रको ठुलो महत्व छ । नेपाली उत्पादनले भारत र चीन जस्ता ठुला अर्थतन्त्र भएका मुलुकका राज्यको पर्याप्त सहुलियत, आधुनिक प्रविधि र ठुलो क्षेत्रफलको जग्गामा आधुनिक प्रविधि उपयोग गरी ठुलो मात्राको उत्पादन गरिरहेका कृषकका उत्पादनसँग आन्तरिक बजारमा प्रतिस्पर्धा गर्नु परेको छ । कृषि क्षेत्र श्रममा बढी निर्भर रहनुपर्ने, जलवायु परिवर्तनबाट सृजित मौसमी प्रतिकूलता एवं रोग, किरालगायतका प्रकोपले समेत असर गर्ने, बजार मूल्यमा जोखिम रहने र लाभ लागत अनुपात औद्योगिक र सेवा क्षेत्रको तुलनामा कम हुने हुँदा यो पेसा अन्य पेसाभन्दा कम प्रतिस्पर्धी हुने गर्दछ । एकातिर प्रतिस्पर्धी क्षमता बढाउनका लागि उत्पादन लागत घटाउन पर्ने छ भने अर्कातिर कृषिको व्यवसायीकरणका लागि आधार भूत पूर्वाधारको विकास अति आवश्यक छ । विश्व व्यापार सङ्गठनको सदस्य राष्ट्र भइसकेपछि कृषि उद्यमीको अन्तर्राष्ट्रिय बजारमा पहुँच सुदृढीकरण गर्न एवं आन्तरिक कृषि उद्योग व्यवसायको संरक्षण गर्नसमेत अनुदान आवश्यक पर्दछ । कृषि उत्पादन र उत्पादनपरान्तका क्रियाकलापका लागि विभिन्न मेसिनरी एवं पूर्वाधार आवश्यक पर्ने र यस्ता पूर्वाधारले ठुलो स्तरको लगानी माग गर्छन् तर साना र सीमान्त कृषकको बाहुल्य रहेको हाम्रो जस्तो देशमा यस्ता सार्वजनिक महत्वका र खर्चिला क्षेत्रमा केवल निजी लगानीमा मात्र भर पर्नु अपेक्षित पनि हुँदैन । कुनै कृषक, उद्यमी, व्यापारी, फर्म, समूह वा सहकारीले कुनै पनि कृषिजन्य कार्य गर्दा लगानीका कारण रोकिने अवस्था आएमा राज्यले निश्चित मापदण्डमा आधारित अनुदान प्रदान गर्दछ । कृषिलाई व्यावसायिक र मर्यादित पेसाका रूपमा स्थापित गर्दै युवालाई कृषि क्षेत्रमा आकर्षित गराउनु अहिलेको आवश्यकता हो । अर्थशास्त्रीय परिभाषामा राज्यले प्रदान गर्ने अनुदान राज्यले संकलन गरेको करको पुनर्वितरण पनि हो । अधिकांश मुलुकमा कृषि क्षेत्रको विकासका लागि प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा राज्यले ठुलो धनराशि अनुदानमा खर्च गरेको देखिन्छ । त्यसैले कृषि क्षेत्रमा अनुदान चाहिन्छ कि चाहिँदैन भन्दा पनि अनुदान प्रवाहलाई कसरी वैज्ञानिक, न्यायसङ्गत र पारदर्शी बनाउने भन्नेबारे बहस हुनु सान्दर्भिक हुन आउँछ ।

कानुन निर्माणमा अनुसन्धान

• डा. अर्जुनकुमार खड्का

संसारभर जुनसुकै प्रजातान्त्रिक मुलुकमा कानुन निर्माणको एकलौटी अधिकार विधायिकालाई प्रदान गरेको पाइन्छ । यसैअनुरूप नेपालको सन्दर्भमा नेपालको संविधानको धारा ८३ ले व्यवस्थापिकाका रूपमा संघीय संसद्, धारा १९७ ले प्रदेश व्यवस्थापिका तथा संविधानको धारा २२१ ले व्यवस्थापकीय अधिकार गाउँ सभा र नगर सभामा निहित रहने संवैधानिक व्यवस्था गरेको छ । साथै गाउँ सभा र नगर सभाको व्यवस्थापकीय अधिकार अनुसूची-८ र अनुसूची-९ बमोजिमको सूचीमा उल्लेख भएको विषयमा कानुन निर्माण गर्न सक्ने व्यवस्था पनि गरेको छ । यसै कारणले गर्दा संविधानको धारा ३०६ अन्तर्गत उल्लेख भएको परिभाषा र व्याख्यामा कानुन भन्नाले संघीय कानुन, प्रदेश कानुन र स्थानीय कानुनलाई सम्झनु पर्छ भन्ने संवैधानिक व्यवस्था नै रहेको अवस्था छ ।

संविधानको यसै प्रावधानबमोजिम २०७२ सालपश्चात् कानुन निर्माण हुँदै आएको पाइन्छ । कानुन निर्माणको सन्दर्भमा कुरा गर्दा संघीय ऐन ३५९ वटा रहेको अवस्था छ । यसै गरी सातै प्रदेशले पनि आवश्यकताअनुरूप कानुनको निर्माण गरेको अवस्था छ । उदाहरणका लागि प्रत्येक वर्ष निर्माण गर्ने विनियोजन र आर्थिक ऐनबाहेक बागमती प्रदेश सभाले ६० वटा ऐनको निर्माण गरेको अवस्था छ भने लुम्बिनी प्रदेश सभाले ५५ वटा ऐन निर्माण गरेको अवस्था छ । कर्णाली प्रदेश सभाले सोभन्दा बढी नै ऐनको निर्माण गरेको अवस्था छ । यसैले सबै प्रदेश सभाको हकमा समग्रमा भन्नुपर्दा प्रत्येक प्रदेश सभाले ५० भन्दा बढी नै ऐनको निर्माण गरिसकेको अवस्था छ । साथै ७५३ वटा स्थानीय तहले पनि ऐन निर्माण गर्ने कार्यमा तीव्रता नै दिएको देखिन्छ । यसर्थ नेपालमा २०७२ सालपश्चात् धेरै कानुनको निर्माण भएको अवस्था स्वतः स्पष्ट हुन्छ तर त्यसरी बनेका कानुनको कार्यान्वयन पाटो कस्तो छ ? ती ऐन लागु भएका छन् वा छैनन् ? ती कानुन निर्माण हुनुअघि खोज अनुसन्धान भएको थियो वा थिएन ? भन्ने विषयतर्फ सम्बन्धित सरोकारावालाको ध्यान पुग्न सकेको अवस्था कमै देखिन्छ ।

संघ, प्रदेश तथा स्थानीय तहले निर्माण गरेका ऐन बनाउनुअघि अध्ययन तथा अनुसन्धान गरेर बनाएका छन् त ? यो प्रश्नको उत्तरमा वास्तवमै शून्यको अवस्था छ । किनभने विधायिकाले बनाउने ऐनमा अध्ययन अनुसन्धान गर्ने गरेको पाइँदैन । यसै हुनाले नेपालमा निर्माण भएका कतिपय ऐन कोरा कल्पनाले मात्र कानुनको सिर्जना वा निर्माण भएको पाइन्छ । यसैले कतिपय कानुन केवल कागजमा मात्र सीमित रहेको देखिन्छ । उदाहरणका लागि अन्तर्राष्ट्रिय वित्तीय कारोबार ऐन २०५४, न्यायिक कोष ऐन २०४३ जस्ता ऐन बनेको यति लामो समय भइसकेको छ तर ती ऐन प्रारम्भ नै भएको अवस्था छैन । अर्कातर्फ कतिपय ऐन प्रारम्भ भएर पनि त्यसको कार्यान्वयन शून्य रहेको देखिन्छ, जस्तै सामाजिक व्यवहार (सुधार) ऐन २०३४ । यो ऐन व्यावहारिक रूपमा कार्यान्वयनमा छैन । यस्तै कतिपय ऐन संविधानको प्रतिकूल रहँदारहँदै पनि यथावत् रहेको पाइन्छ, जस्तैः महाभियोग (कार्यविधि नियमित गर्ने) ऐन, २०५९ । यो ऐन नेपालको संविधानको धारा १०१ को प्रतिकूल रहँदारहँदै पनि यथावत् कायम छ । यसै गरी ऐन बनेको लामो समयपछि मात्र प्रारम्भ गर्ने चलन पनि नेपालमा रहेको अवस्था छ, जस्तै मुलुकी देवानी संहिता, २०७४ तथा मुलुकी अपराध संहिता, २०७४ लाई निर्माण भएको एक वर्षपश्चात् मात्र प्रारम्भ गरिएको थियो । महत्वपूर्ण कुरा के छ भने यस संहितामा व्यवस्था गरिएको विवाह गर्ने व्यक्तिको उमेर २० वर्ष नपुगी कसैले विवाह गर्न वा गराउन हुँदैन भन्ने कानुनको कार्यान्वयनमा समाजले आदर गरेको अवस्था छैन । जुन संहिता कार्यान्वयनमा आएको लामो समय भएको नै छैन । यसर्थ नेपालमा यस्ता कार्य हुनुको मूल कारण कानुन निर्माण हुनुअघि अध्ययन अनुसन्धानको पाटोलाई ध्यान नदिनु नै हो । जसले गर्दा त्यस्ता कानुन कार्यान्वयन हुन सक्ने अवस्था नै रहेन ।

अनुसन्धानले मानव समाजमा देखा पर्ने, अघिबाट देखा परेका र भविष्यमा देखा पर्न सक्ने समस्यालाई पहिचान गर्ने, तिनीहरूलाई सूक्ष्म रूपमा व्याख्या, विवेचना एवं विश्लेषण गरी वास्तविक, सही तथा वैज्ञानिक समाधानका तौरतरिका पहिल्याउन मार्गदर्शन प्रदान गर्छ । साथै अनुसन्धान विधिले समाजको वास्तविकतालाई तार्किक सूचनाको प्रवाहमा स्थानान्तरण गर्ने कार्य गर्दछ । यो स्थानान्तरण प्रक्रिया आफैँमा एक प्राविधिक कार्य हो । जसका लागि विशेष ज्ञान, सिप, कौशलको आवश्यकता पर्दछ । जसले यो कार्य पूरा गर्नमा निपुणता प्रदान गर्छ । अनुसन्धान विधिले अन्वेषक, खोजकर्ता एवं जिज्ञासुलाई आवश्यक पर्ने विशेष एवं विशिष्ट प्रकारको प्राविधिक ज्ञान र सिपसमेत प्रदान गर्दै आएको पाइन्छ । यसैले संसारभर कुनै पनि विधामा अनुसन्धानको महत्व रहेको छ ।

कानुनबिना समाजको परिकल्पना गर्न सकिँदैन । कानुनबिनाको समाज, समाज नभई भिड वा झुन्डमा परिणत हुन्छ । कानुन समाजकै अपरिहार्य तत्व भएकाले यस विषयमा व्यापक चिन्तन, मनन अध्ययन, व्याख्या, विश्लेषण एवं खोज नियमित रूपमा भइरहनु पर्छ । कानुनले प्रभावकारिता र असरदार भूमिका निभाउन नसकेमा समाजको विकासको क्रम नै अवरुद्ध हुन सक्छ । कानुन गतिशील, परिवर्तनीय एवं व्यावहारिक नभएमा समाजमा कानुनी राज पनि स्थापना हुन सक्दैन । यस्तो जटिल, व्यापक एवं गहन विषयमा अध्ययन, अध्यापन गर्ने दृष्टिकोणबाट सञ्चालित कानुनी शिक्षामा अनुसन्धानका महत्व त्यसै पनि रहेको हुन्छ ।

हुन त कानुन निर्माण गर्नु जटिल प्रक्रिया हो । त्यस्ता जटिल प्रक्रिया पूरा गरेर बनाएका कतिपय कानुन कार्यान्वयन नै भएको पाइँदैन । कानुन कार्यान्वयन नहुनमा धेरै कुराले प्रभाव पारेको हुन्छ । पहिलो, त्यस्ता कानुन अध्ययन अनुसन्धानबिना नै निर्माण हुनु हो । वास्तवमा कानुन निर्माण र कार्यान्वयन गर्ने निकायबिचको अपरिहार्य अन्तरसम्बन्ध हुनुपर्नेमा कानुन निर्माता विधायकले भर परेको तथ्याङ्क अपूर्ण वा गलत भएको कारणबाट त्यस्ता कानुन बने पनि कार्यान्वयन भएको पाइँदैन । दोस्रो, निर्माण भएका कानुनमा खराब प्रावधान रहनु वा कानुन निर्माण गर्दा जानाजानी तोडमोड गर्नु । जसले गर्दा कानुन कार्यान्वयन गर्ने निकायको स्तरमा प्रभावहीनता रहन्छ । तेस्रो, कानुनको सृष्टि, अस्तित्व, संस्थागत र प्रयोगमा परिवर्तन भएका कारण पनि कानुनको कार्यान्वयनमा प्रभाव पार्ने गरेको पाइन्छ । जस्तै, सामाजिक, आर्थिक र सांस्कृतिक वास्तविकतालाई ध्यानमा नदिई कानुनको निर्माण हुनु । यसैगरी विधायकले समाजमा परिवर्तन हुने परिस्थितिको समयमा नै आकलन गर्न नसक्दा पनि कानुन कार्यान्वयन हुन नसक्ने कुरा रहेको पाइन्छ । यसै सम्बन्धमा प्रसिद्ध दार्शनिक एरिस्टोटलले वास्तविक परिस्थितिलाई सम्बोधन गर्न सक्ने कानुन, जसमा न्यायिक व्याख्याको आवश्यकता रहँदैन, त्यस्ता कानुन कार्यान्वयन हुन सक्ने धारणा राखेको पाइन्छ । नेपालमा भने वास्तविक परिस्थितिलाई सम्बोधन गर्न ध्यान कमै दिने गरेको देखिन्छ । यहाँसम्म कि पछिल्लो समयमा त केवल कानुन निर्माणमा संख्याको बढोत्तरीमा मात्र ध्यान दिँदै आएको देखिन्छ । जसका कारण कानुन बने पनि कार्यान्वयन हुँदैन । यसो हुनुमा कानुन निर्माण गर्नुअघि नै अनुसन्धानको माध्यमबाट व्यापक रूपमा अध्ययन, खोज, चिन्तन, छलफलपछि

❖ बाँकी तेस्रो पृष्ठमा

Pratidin National Daily प्रतिदिन

तपाई जहाँ भएपनि
प्रतिदिन दैनिक तपाईसँगै

ताजा र विश्वसनीय खबरको लागि
लगइन गर्नुहोस

यसपटक जाडोमा तापक्रम औसतभन्दा बढी रहने अनुमान

झापा(प्रस) । नेपालमा जाडो मौसम सुरु भएको छ । यो वर्षको जाडोयाममा औसतभन्दा बढी नै तापक्रम रहने प्रारम्भिक अनुमान गरिएको छ ।

जाडो समयमा तापक्रमको अवस्था कस्तो हुने भनेर विश्लेषण आफूहरूले गरिरहेको जल तथा मौसम विज्ञान विभाग, हावापानी विश्लेषण शाखाका प्रवक्ता विभूति पोखेलले बताइन् । उनले मौसम केही सुख्खा रहने देखिएको बताइन् ।

सुख्खा हुने भन्नुको अर्थ औसतभन्दा केही बढी नै तापक्रम रहनु भनेर उनले प्रष्ट पारिन् । ‘ अनुमान लगभग गरिसकेका छौँ, तर सार्वजनिक पछि गर्छौं, प्रादेशिक तथ्याङ्कहरू सङ्कलन गर्दैछौं,’ उनले भनिन्, ‘यो वर्ष तापक्रम पहिलेभन्दा बढी रहने नै देखिन्छ । मौसम सुख्खा रहने भएकाले तापक्रम बढ्ने नै अनुमान लगाउन सकिन्छ । हामीले विस्तृतरुपमा केही समयपछि सार्वजनिक गर्छौं ।

तापक्रम बढी रहने भए पनि चिसो नै नहुने भन्ने चाहिँ नहुने प्रवक्ता पोखेलको भनाई छ । ‘तर अत्यधिक चिसो हुँदैन,’ उनले भनिन् ।

पछिल्लो समय जलवायु तथा मौसममा निकै नै उतारचढाव हुन थालेको छ । योसँगै अन्तर्राष्ट्रिय स्तरका विभिन्न अध्ययनले तापक्रम केही सुख्खा रहने औँल्याएका छन् । समग्रमा नेपालमा औसत तापक्रम पनि बढी रहेको पाइन्छ ।

जलवायुविद् मन्जित ढकालका अनुसार नेपालमा अधिकतम तापक्रम वृद्धि बढी छ । ‘ अधिकतम तापमान र न्यूनतम तापमान भन्छौं, नेपालको अधिकतम तापमान वृद्धिदर बढी छ,’ उनले भने, ‘ वार्षिक ०.०५ डिग्री सेल्सियस तापक्रम बढ्छ । यो भनेको ४४ वर्षमा औसत अधिकतम तापमान २.४ डिग्री सेल्सियसले बढेको छ । नेपालमा गर्मी अलि बढी नै भइरहेको । जाडोको अवस्था पनि लगभग उस्तै देखिन्छ ।’ढकालका अनुसार नेपालको न्यूनतम तापमान खासै बढेको छैन । यो ‘ट्रेन्ड’लाई हेर्दा तापमान बढ्न सक्ने अनुमान लगाउन सकिने उनी बताउँछन् । तर यस्तो ‘ट्रेन्ड’ एक वर्ष बढ्ने, अर्को एक वर्ष केही घट्न सक्छ ।

वर्ष दिनको मौसमको आधारमा मात्रै तापमान निकाल्न नसकिने उनी बताउँछन् । ‘यो एक वर्षको तथ्याङ्क लिएर विश्लेषण गर्न सकिँदैन,’ उनी भन्छन्, ‘वर्षको विश्लेषण गर्दा भविष्यमा यो तापमान अझै वृद्धि हुन सक्छ । किनकि पृथ्वीमा कार्बडाइअक्साइड ग्यासको उत्पादन अझै पनि बढी नै रहेको छ- कोइला, पेट्रोलियम प्रयोगले । यसले सूर्यबाट आएको तापलाई यही सञ्चित गरेर राख्छ ।’

तापमान बढ्नाले धेरै क्षेत्रमा असर पर्ने उनी बताउँछन् । पछिल्लो समय धेरै वर्षा हुनु वा वर्षा नै नहुनुमा तापमानको भूमिका देखिन्छ । विश्लेषण गर्दा तापमानले पानीको प्रक्रियालाई पनि असर पार्ने गर्दछ । ‘एकचोटी सुख्खा खडेरी बढ्दै जाने, धेरै पानी पर्ने, पानी पर्दै नपर्ने जस्ता समस्या देखिन्छ,’ उनी भन्छन्, ‘यसले कृषि र जीवजन्तुमा असर गर्छ । कृषिमा बाली पाक्न जुन तापमान आवश्यक पर्छ, त्यो भन्दा फरक भयो भने प्रक्रियालाई असर पार्ने देखियो । यसबाट पर्यटन, जलविद्युतमा पनि असर पार्ने देखिन्छ ।’

मौसम पूर्वानुमान महाशाखाले मुलुकभर चिसो बढिसकेको जनाएको छ । चिसो सुरु भएको र दैनिक चिसो बढ्दै जाने जल तथा मौसम विज्ञान विभाग अन्तर्गतको मौसम पूर्वानुमान महाशाखाले जनाएको छ । महाशाखाका मौसमविद् रोजन लामिछानेका अनुसार नेपालमा उच्च पहाडी-हिमाली क्षेत्रमा थोरै हिमपातको सम्भावना छ ।

उनका अनुसार पछिल्लो सातायता चिसो बढ्दै गएको छ । तर यो वर्षको जाडोमा के कति चिसो भन्ने आङ्कलन भने तत्काल गर्न नसकिने देखिएको छ । लामिछानेले महाशाखाले तीन-तीन दिनको मात्रै मौसम आङ्कलन गर्दै आएको बताए ।

साढे दुई लाख महिलाको पाठेघर मुखको क्यान्सर परीक्षण गरिने



झापा(प्रस) । पाठेघरको मुखको क्यान्सर रोकथामका लागि फागुन महिनाभर साढे दुई लाख महिलाको परीक्षण गरिने भएको छ । स्वास्थ्य तथा जनसंख्या मन्त्रालयअन्तर्गतको परिवार स्वास्थ्य कल्याण महाशाखाले देशभरका ३० देखि ४९ वर्षसम्मका दुई लाख ५० हजार महिलामा पाठेघरको मुखको क्यान्सर परीक्षण तथा रोग पहिचान गर्ने भएको हो ।

महाशाखा प्रमुख डा.विवेककुमार लालले फागुन महिनाभर देशैभर एकैसाथ महिलाहरुमा क्यान्सरसम्बन्धी परीक्षण गर्न लागिएको जानकारी दिए ।

उनले भने, “क्यान्सरको उपचारसँगसँगै रोग लाग्न नदिन समयमै परीक्षण गरी रोकथाम गर्ने मन्त्रीको प्राथमिकता छ । त्यसैअनुसार यस वर्ष अभियानकै रुपमा एकैसाथ परीक्षण गर्ने योजना बनाएका छौँ ।”

उनका अनुसार महाशाखाले यस वर्ष अभियानका रुपमा दुई लाख ५० हजार महिलाको परीक्षण गर्ने लक्ष्य लिएको छ ।

नेपालमा सन् २०२२ मा कुल मृत्यु भएका १४ हजारमध्ये पाठेघरको मुखको क्यान्सरबाट ज्यान जानेको संख्या सात हजार ७६८ रहेको ग्लोबल क्यान्सर अब्जरभेटरीको तथ्याङ्कमा उल्लेख छ ।

विश्व स्वास्थ्य सङ्गठनका अनुसार सन् २०२२ मा मात्र नेपालमा पाठेघरको मुखको क्यान्सरका दुई हजार १६९ तथा स्तनसम्बन्धी दुई हजार दुई सय ५५ नयाँ बिरामी पत्ता लागेका थिए ।

हाल नेपालमा हरेक दिन चार जना महिलाको पाठेघरको मुखको क्यान्सरबाट ज्यान जाने गरेको छ । तर समयमै परीक्षणबाट समस्या पहिचान भएमा रोग निको हुने चिकित्सक बताउँछन् ।

मन्त्रालयले विश्व क्यान्सर दिवसको अवसर पारेर (माघ २२ गते) बाट दुई सातासम्म १६ लाख ८८ हजार नौ सय किशोरीलाई लक्षित गर्दै पाठेघरको क्यान्सरविरुद्धको निःशुल्क खोप अभियानसमेत सञ्चालन गर्दैछ । आगामी वर्षबाट देशभरका सबै किशोरीले नियमित रुपमा खोप लगाउन पाउने गरी व्यवस्था गरिएको मन्त्रालयका प्रवक्ता डा.प्रकाश बुढाथोकीले जानकारी दिए ।

कोशी प्रदेशका १३७ पालिकाका सभापतिहरूको प्रादेशिक भेला

स्तरीय
ला-२०८१
शान्ति पदयात्रा
सावधान
CAUTION

झापा(प्रस) । मोरङको बेलबारीमा कोशी प्रदेशका १३७ पालिकाका कांग्रेस सभापतिहरूको प्रादेशिक भेला सुरु भएको छ । भेलाको दोस्रो दिन मङ्गलबार बिहान सभापतिहरूले बेलबारीमा शान्ति पदयात्रा गरेका छन् ।

बिहान कार्यक्रममा सहभागी ५३ जना सभापतिसहित स्थानीय कांग्रेस नेताहरूले बेलबारीको लोहोन्द्रादेखि बेतना सिमसारसम्म शान्ति पैदलयात्रा गरेका छन् । बेतना सिमसारमा स्थानीय खाजा (भाक्का, सेलरोटी र तरकारी) खाएर उनीहरू बेलबारी ३ स्थित ड्रिमलेण्ड होटलमा तीन घण्टाको प्रशिक्षण कार्यक्रम सहभागी भएका छन् ।

प्रदेशका १३७ जना गाउँ,नगर, उपमहानगर र महानगर सभापतिहरूको उपस्थिति रहने बताइएको भेलाले मुख्यतः १४ औं महाधिवेशन पछिका अनुभव साटासाटलाई प्रमुख कार्यसूचीमा राखेको छ । सँगसँगै सभापतिहरूको भेलाले कोशी प्रदेशको नामाकरणका विषयमा पार्टीको आधिकारिक धारणा माग गर्ने भएको छ ।

बेलबारी सभापति लिम्बूले पार्टीले राजनीतिक नियुक्ति गर्दा गाउँ नगरसँग समन्वय गर्नुपर्ने, स्थानीय पालिकासँग समन्वय नगरीकन केन्द्रीय र प्रदेशका नेताहरू जथाभावी कार्यक्रम राख्दै हिड्ने बेतिथिलाई अन्त्य गर्न भेलाले दिशा निर्देशन गर्ने जानकारी दिए । उनले यो गुटको भेला नभएर प्रदेशभरिका सभापतिहरूको अनुभव साटासाट गर्ने कार्यक्रम भएको बताए । भेलाले १५ औं महाधिवेशन निर्धारित समयमा नै गर्न पार्टी नेतृत्वलाई दबाब दिने भएको छ ।

कार्यक्रम आयोजक समिति सचिवालयका संयोजक राजेन्द्रबहादुर अधिकारीले झापा, मोरङ र सुनसरीका सभापतिहरू समेत बेलबारी आइपुगेको बताए । कतिपय सभापतिहरू सिंधै विराटनगर पुग्ने अधिकारीको भनाइ छ । विराटनगरमा कांग्रेस केन्द्रीय सदस्य डाक्टर शेखर कोइरालाको प्रमुख आतिथ्यतामा हुने कार्यक्रममा मोरङबाट प्रतिनिधित्व गर्ने सबै केन्द्रीय सदस्यले सम्बोधन गर्ने तयारी भइरहेको छ ।

बिर्तामोडमा सहारा साहित्य साँझ हुँदै

बिर्तामोड(प्रस) । झापाको बिर्तामोडमा सहारा साहित्य साँझ हुने भएको छ । वीरता लेडी जेसीज बिर्तामोडको आयोजना तथा सहारा नेपाल साकोसको आर्थिक सहयोगमा यही मंसिर २१ गते सहारा साहित्य साँझ हुने मंगलबार बिर्तामोडमा पत्रकार सम्मेलन गरी जानकारी दिइएको हो ।

भाषा, धर्म, संस्कृति र साहित्यको जगेर्ना गर्ने उदेश्यले वीरता लेडी जेसीजले सहारा साहित्य साँझ कार्यक्रम आयोजना गरेको निवर्तमान अध्यक्ष संगीता गिरीले पत्रकार सम्मेलनमा जानकारी दिइन् ।

वीरता लेडी जेसीजकी अध्यक्ष मेनुका ओलीको अध्यक्षतामा भएको कार्यक्रममा लेडी सेसीजकी पूर्व अध्यक्ष तथा महिला मुक्ति अभियान झापाकी अध्यक्ष राधा सुब्वाको प्रमुख आतिथ्य रहेको थियो ।

सह-सचिव एलिना रिजाल ढकालले स्वागत गरेको कार्यक्रममा सेसीजकी जनसम्पर्क अधिकारी तारा बस्नेतले जेसी आस्था वाचन गरेकी थिइन् । कार्यक्रमको औचित्यमाथि निवर्तमान अध्यक्ष संगीता गिरीले प्रकाश पारेको कार्यक्रममा पूर्व अध्यक्ष तथा नेपाल उद्यमी महिला संघ झापा अध्यक्ष पार्वता खरेल बिमली, सञ्चारिका समूह झापा अध्यक्ष लीला अनमोललगायतले आ-आफ्नो धारणा राखेका थिए । कार्यक्रमको सञ्चालन महासचिव मुना अधिकारी ढुङ्गेलले गरेकी थिइन् ।

सहारा साहित्य साँझमा ‘नेपाली साहित्यमा यौन बिज्ञान र प्रेम’ बिषयमा साहित्यिक श्रष्टाहरु मनु मन्जिल, मुनाराज शेर्मा र मिश्र बैजन्तीबिच साहित्यिक बहस हुने छ भने गजलकार बिन्दु निरौलासहित अन्य गजलकारसँग गजल सन्ध्या हुने लीला अनमोलले बताइन् । सहारा साहित्य साँझ राष्ट्रिय स्तरको हुने उनले जानकारी दिइन् । पत्रकार सम्मेलनमा पूर्व अध्यक्ष सरु भुर्तेल खनाल, संगीता चिमरियालगायतको उपस्थिति रहेको थियो ।

कानुन...

कानुन निर्माण गर्न सकेमा त्यसले प्रभावकारिता एवं व्यावहारिकता प्राप्त गर्न सक्छ । यसर्थ अनुसन्धानले कानुन निर्माणको क्षेत्रमा महत्वपूर्ण भूमिका राख्दछ । साथै कुनै पनि कानुनी व्यवस्थाको विकास र गतिशीलताका लागि गहिरो अध्ययन र अनुसन्धानको खाँचो पर्छ । कानुनको प्रयोग, व्यावहारिकता, अदालतद्वारा प्रतिपादित नजिर र प्रमाण ग्रहण गर्ने तौरतरिकालाई विश्लेषण गरी आलोचना र समालोचना निरन्तर गरिरहनु पर्छ । जसका निम्ति समेत अध्ययन अनुसन्धान नै जरुरी रहन्छ ।

वास्तवमा नेपालमा सम्बन्धित सरोकारवालाको ध्यान त्यसतर्फ कमै गएको देखिन्छ । यसै हुनाले जब बनेका कानुन प्रभावकारी रूपमा लागु हुँदैनन्, सोको कारणबाट अनियमितता, शक्तिको दुरुपयोग र खराब शासनव्यवस्थालाई निम्त्याउन सक्छ भन्ने मान्यता रहेको छ । साथै कानुन कार्यान्वयन नै नभएपछि सुशासन कसरी हुन सक्छ ? यसैले प्रभावकारी रूपमा कानुन लागु गर्नका लागि कानुन निर्माणको अवस्थामा नै खोज, अनुसन्धान र वास्तविकतामा रहेर बन्नुपर्ने अवस्था रहेको हो ।

अन्त्यमा अनुसन्धान विधिले मानव ज्ञानको अभिवृद्धि एवं समाजमा देखा पर्ने समस्यालाई पहिल्याउने, तौरतरिका र प्राविधिक ज्ञान मात्र दिने नभई यसले अनुसन्धानकर्तालाई आफ्नो क्षेत्र वा आफूले अनुसन्धान गर्न लागेको विषयवस्तुबारे आवश्यक पर्ने सैद्धान्तिक पक्ष खोज्नेतर्फ अभिरुचिको अभिवृद्धि एवं आवश्यक मार्गदर्शन पनि प्रदान गर्छ । यसले अनुसन्धानकर्ताको मस्तिष्कमा रहेभएका भ्रमपूर्ण एवं गलत अवधारणालाई परित्याग गरी सही, वास्तविक एवं यथार्थको धरातलमा चिन्तन, मनन एवं विश्लेषण गर्ने क्षमताको अभिवृद्धि गर्छ र यस्तो कार्यबाट समग्र मुलुक नै लाभान्वित हुने अवस्था रहन्छ । मूल कुरा त विधायक (कानुन निर्माता), कानुन व्यवसायी र न्यायाधीश वा कानुन प्रयोक्ताद्वारा गरिएका त्रुटि, गल्तीलाई केलाएर समयमा नै औँल्याउन सक्ने अवस्था रहन्छ । यस्तो परम्परा बसाउन भने त्यति सहज छैन । त्यस्तो गर्न गहन अध्ययन, अनुसन्धान तथा चिन्तन र मनन गर्न सकेमा कार्यान्वयनयोग्य कानुनको निर्माण हुन जान्छ, जसले गर्दा भ्रष्टाचार, शक्तिको दुरुपयोग र खराब शासनव्यवस्थाको न्यूनीकरणमा सहयोग पुग्दछ । यसर्थ विधायिका तथा कानुन निर्माणसँग सम्बद्ध पक्षले कानुन निर्माण गर्नुअघि बन्ने कानुनको खोज, अन्वेषण, अध्ययन गरेमा बनेका कानुनले सार्थकता दिन सक्ने अवस्था रहन्छ । नत्र कानुनको संख्या मात्र बढ्ने तर त्यस्ता कानुनबाट राज्यले लाभ लिन सक्ने अवस्था रहँदैन ।

अपाङ्गता...

अध्यक्ष दीपक थापाको अध्यक्षतामा भएको कार्यक्रमको उद्घाटन बिर्तामोड नगरपालिकाका उपप्रमुख नगेन्द्र संग्रौलाले गरेका थिए । मेची बहिरा संघका अध्यक्ष देवी निरौलाले स्वागत गरेको कार्यक्रमको औचित्यमाथि झापा नेत्रहीन संघका अध्यक्ष होमनाथ राजवंशीले प्रकाश पारेका थिए ।प्रमुख अतिथि नगर उपप्रमुख संग्रौला, वीरता लेडी जेसीजकी अध्यक्ष मेनुका ओली, इनर ह्वील क्लबकी अध्यक्ष जुनु बिमली उप्रेती, बिर्तामोड अपाङ्गता स्वावलम्वन संस्थाका सल्लाहकार डा. रुपक खनाललगायतले शुभकामना मन्तव्य राखेका थिए ।त्यसअवसरमा इनर ह्वील क्लबलगायत विभिन्न दाताबाट न्यानो कपडा वितरण गरिएको थियो । कार्यक्रमको सञ्चालन मुना भट्टराईले गरेकी थिइन् ।

त्यस्तै अपाङ्गता भएका व्यक्तिहरूको ३३औँ अन्तर्राष्ट्रिय दिवस हल्दिबारी गाउँपालिकामा अपाङ्गता भएका व्यक्तिहरूको अधिकारसम्वन्धी अन्तरक्रिया गरी मनाइएको छ।

‘समावेशी तथा दिगो भविष्यको पूर्वाधार, अपाङ्गता भएका व्यक्तिको प्रवल नेतृत्व यसको आधार’ भन्ने नाराका साथ अपाङ्गता भएका व्यक्तिहरूको अधिकारप्रति जनचेतना फैलाउन र उनीहरूको सशक्तीकरणको मार्ग प्रशस्त गर्न यस दिवसलाई विशेष रूपमा मनाइएको हो।

हल्दिबारी गाउँपालिका उपाध्यक्ष लक्ष्मीदेवी मैनालीको अध्यक्षतामा भएको कार्यक्रममा गाउँपालिका अध्यक्ष रविन्द्रप्रसाद लिङदेन, निमित्त प्रमुख प्रशासकीय अधिकृत राजन न्यौपाने ,१ नं वडाका वडा अध्यक्ष देवीबहादुर थापा,कार्यपालिका सदस्यहरू शान्ता शिवाकोटी, भावना दाहालगायत अपाङ्गता सरोकार समितिका रामप्रसाद टुडू, जनजागृति माविकी प्रधानाध्यापक इन्दिरा चुडालगायतको आतिथ्यता रहेको थियो।

हल्दिबारी गाउँपालिका क्षेत्रभित्र रहेका विभिन्न प्रकारका अपाङ्गता भएका व्यक्तिहरूको उपस्थिति रहेको कार्यक्रममा निमित्त प्रमुख प्रशासकीय अधिकृत राजन न्यौपानेले अपाङ्गता भएका व्यक्तिहरूको पहिचान, परिचयपत्र वितरणका प्रकियालगायतका विषयहरुमा प्रष्ट पारेका थिए भने कचनकवल गाउँपालिकाका अपाङ्गता सहजकर्ता दिलकुमार राजवंशीले अपाङ्गता भएका व्यक्तिहरूले समाजमा भोग्नु परेका दुःख, के कसरी आफूलाई आत्मनिर्भर बनाउन सकिन्छ, सरकारले गर्नुपर्ने सहायतालगायतका विषयहरुमा प्रशिक्षण दिएका थिए। कार्यक्रममा बोल्दै गाउँपालिका अध्यक्ष लिङ्देनले शारीरिक अपाङ्गता भएका व्यक्तिहरूका फरक फरक क्षमता हुने र त्यसको पहिचान तथा आवश्यक सहजीकरण सबैले गर्नुपर्ने बताएका थिए।

यसैगरी उपाध्यक्ष मैनालीले कुनै पनि प्रकारका अपाङ्गता भएका व्यक्तिहरूलाई अप्ठ्यारो नमानी बाहिर आउन आग्रह गर्दै पालिकाले गर्ने सहयोग निरन्तर गर्ने बताएकी थिइन्।

हल्दिबारी गाउँपालिका महिला तथा बालबालिका शाखा प्रमुख तृष्णा थापा मगरले कुनै पनि अपाङ्गता भएका व्यक्तिहरू आफूले पाउने सेवासुविधाबाट बञ्चित हुनु नपरोस् भनी अपाङ्गता पहिचान तथा परिचयपत्र वितरण शिविर मंसिर २० गतेबाट क्रमशः ५ वटै वडामा राखिएको जानकारी गराएकी थिइन् ।

त्यस्तै भद्रपुरमा ३३ औं अन्तर्राष्ट्रिय अपाङ्गता दिवस विविध कार्यक्रम गरी मनाइएको छ । नेपाल अपाङ्ग संघ, खगेन्द्र नवजीवन केन्द्र झापा शाखा भद्रपुरको आयोजना अन्तर्राष्ट्रिय अपाङ्गता दिवस सोमबार मनाइएको हो । दिवसको अवसरमा युवा व्यवसायी सञ्जीव घोष र पिंकी घोषले सञ्चालनमा ल्याएको दर्शन गार्मेन्ट उद्योग भद्रपुरले केन्द्रमा आश्रित १४ जना अपाङ्गता भएका व्यक्ति र कर्मचारीलाई जाडो लगाउने न्यानो लुगा (ट्र्याक सुट) वितरण गरेका छन् ।

साथै उनीहरूले दिवा खाजाको समेत व्यवस्था गरिदिएका थिए । सोही अवसरमा मानसिक रोग विशेषज्ञ डा. शंशाक पोखरेल र ओमसाई पाथीभरा हस्पिटल भद्रपुरको सहयोगमा निःशुल्क स्वास्थ्य उपचार शिविर पनि सञ्चालन गरिएको थियो । मानसिक रोग विशेषज्ञ डा. पोखरेलले केन्द्रमा आश्रित अपाङ्गता भएका व्यक्तिको स्वास्थ्य परीक्षण गर्नुका साथै निःशुल्क औषधि समेत दिएका थिए । सो शिविरमा केन्द्रमा आश्रितबाहेकका व्यक्तिहरूले पनि स्वास्थ्य परीक्षण गराइएको केन्द्रका पूर्व उपसभापति लता कार्कीले जानकारी दिइन् । केन्द्रका उपसभापति पवन श्रेष्ठको अध्यक्षतामा भएको कार्यक्रममा केन्द्रमा आबद्ध पदाधिकारी, पत्रकार लगायतको उपस्थिति रहेको केन्द्रका कार्यालय सचिव केदार महतले जानकारी दिए ।

वर्गीकृत विज्ञापन संकलन केन्द्रहरू :

चन्द्रगढी, भद्रपुर
लोकबहादुर कुँवर : ९८४२६८३९९६
द्रोण अधिकारी : ९८४२६२८७९१

दमक
विष्णु सुब्बा : ९८५२६७०१३७
देविबहादुर बस्नेत : ९८१७९२४६२१

मेचीनगर
चारआली : ९८४२७०३०१३
गोबिन्द घिमिरे :
९८१५९५०१५०

उर्लाबारी
रुपेन्द्र शेर्मा : ९८४२०९२४०६
विराटनगर
क्रिएटिभ आई: ०२१-५२५६१

इलाम, मंगलबारे
रणवीर लिम्बू
९८१६९८४७५७

काकँरभिट्टा
फ्रेन्डसिप पुस्तक पसल
०२३-५६२४२४

झापा बजार
बरत राजवंशी
९८१७०४९००१

आजको राशिफल

मेष	विद्या र बुद्धिको विकास हुनेछ । मङ्गल कार्यको योग छ ।
वृष	साँझमा राम्रो खबर सुन्न पाइनेछ । वस्त्र लाभ पनि हुनसक्छ ।
मिथुन	आज छोटो दुरीको लाभदायक यात्रा हुनेछ । राज्यबाट मान सम्मान मिल्नेछ ।
कर्कट	धर्मकर्म तथा समाजसेवामा मन लाग्नेछ । वाहन सुख पनि मिल्नेछ ।
सिंह	आज स्वास्थ्य तथा सौन्दर्यतामा धन खर्च हुनेछ । अरुको लागि दौडधुप गर्नु पर्नेछ ।
कन्या	चोटपटक पनि लाग्न सक्छ । मन कमजोर रहन सक्छ ।
तुला	आज शुभकार्यमा सहभागिता जनाइने छ । महिला वर्गबाट विशेष सहयोग मिल्नेछ ।
वृश्चिक	पुँजी बजारमा सफलता मिल्ने छ । आर्थिक क्षेत्र राम्रै होला ।
धनु	आज प्रेम र मित्रताको बन्धन कसिने बेला छ । नयाँ कार्यको योजना बन्नेछ ।
मकर	आतिथ्यपूर्ण सम्मान पाइएला । वैदेशिक कार्य अघि बढ्नेछ ।
कुम्भ	मनमा हर्ष, उमङ्ग र उत्साह छाउला । भाग्यले विभिन्न अवसर जुराउनेछ ।
मिन	पार्टी सेमिनारमा सहभागी भइएला । रोजगारको अवसर पनि मिल्नेछ ।